# प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना

## परियोजना कार्यान्वयन इकाई (सुन्तलाजात जोन), गुल्मी

### व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (सुन्तलाजात जोन) मा सुचिकृत हुनको लागि

### आशय पत्र आह्वान सम्बन्धि सूचना

**प्रथम पटक सूचना प्रकशित मितिः २०७५/०९/०८**

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषि उपजको उत्पादनका लागि आवश्यक प्रविधि तथा उत्पादन सामाग्रीको व्यवस्था, बाली/वस्तु उत्पादनमा यान्त्रिकरण, प्रशोधन तथा बजारीकरणको लागि पूर्वाधारको व्यवस्था मार्फत कृषि क्षेत्रको आधुनिकिकरणको परिकल्पना सहित चालु आ.ब. २०७५/०७६ देखि गुल्मी जिल्लामा **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना** अन्तरगत ब्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (सुन्तला जोन) विकास कार्यक्रम जिल्लाका विभिन्न स्थानिय तहहरु क्रमशः **गुल्मी दरबार, छत्रकोट, मदाने, कालीगण्डकी, चन्द्रकोट एंव धुर्कोट गाँउपालिका तथा रेसुंगा र मुसीकोट नगरपालिकाका** विभिन्न २५ वटा वडाहरुमा लागु भएको छ ।

यसै सन्दर्भमा, परियोजना कार्यान्वयन इकाइ, सुन्तला जोनले चालु आ.व. का लागि निर्धारंण भएका क्षेत्रभित्र क्रियाशिल **कृषक समूह/ कृषि सहकारी/ कृषि फर्म /उद्यमीहरूले** सुन्तलाजात फलफुल जोनमा आवद्दताका लागि परियोजना कार्यान्वयन इकाई (सुन्तला जोन) गुल्मी बाट निर्धारित ढांचाको आवेदनसाथ आवश्यक कागजातहरु सहित सुचना प्रकाशन भएको मितिले ३० दिन भित्र परियोजनाको सुन्तला जोनको कार्यालय तम्घास मा आवेदन पेश गर्नुहुन अनुरोध छ ।थप जानकारीका लागि परियोजना कार्यान्वयन इकाइको कार्यालय तम्घास वा ९८५५०५३९२१ मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| परियोजना कार्यान्वयन हुने क्षेत्रहरू | रेसुंगा न.पा.को वडा नं ३, ४, ५ ६ र ७ मुसीकोट न.पा.को वडा नं. ८ र ९ गुल्मी दरबार गा.पा. को वडा नं. २, ३ र ४ छत्रकोट गा.पा. को वडा नं. ३ र ४ धुर्कोट गा पा को वडा नं. १, २, ३, ५, र ६ मदाने गा.पा. को ४, ६ र ७ कालीगण्डकी गा.पा.को वडा नं २ र ३ तथा चन्द्रकोट गा.पा. को वडा नं ५ र ६ |
| परियोजनाबाट उपलब्ध हुने सुविधा | **चालु अनुदानः** सुन्तलाजात फलफुलको बगैंचा ब्यवस्थापन, सुन्तलाजात फलफुल उत्पादन प्रवर्दनका लागि उत्पादन सामग्री सहयोग, नविन उत्पादन प्रविधि प्रदर्शन तथा तालिम, नर्सरी स्थापना तथा विरुवा उत्पादन, सुन्तला खेति क्षेत्र विस्तार, प्रतिफलमा आधारित प्रोत्साहन अनुदान, सुन्तला खेतीका लागि प्राङ्गारिक मल/ भर्मीकम्पोष्ट उत्पादन तथा ब्यवस्थापन आदि<br>**पुंजीगत अनुदानः** Custom Hiring Centre स्थापना अन्तर्गत कृषि यान्त्रीकरण तथा कृषि औजार उपकरणहरुमा अनुदान सहयोग , पोष्ट हार्भेस्ट सेन्टर निर्माण, मेशिनरि तथा औजार उपकरणहरुमा अनुदान सहयोग, साना सिंचाई निर्माण/मर्मत सम्भार तथा व्यवस्थापन आदि । |
| हुनुपर्ने न्युनतम पूर्वाधार | (क) सडकको पहुँच भएको वा हुनसक्ने (ख) सिंचाईको उपलब्धता भएको वा हुनसक्ने (ग) विधुतको उपलब्धता भएको वा हुनसक्ने (घ) तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको वा एउटै कोरिडोरमा रहेको ङ) वित्तिय संस्थाहरूको पंहुच भएको च) वजारको उपलव्धता भएको वा हुन सक्ने |

**आवेदनका साथ संग्लग्न गर्नुपर्ने कागजातहरु**

१. कृषक समूह/सहकारी/कम्पनी/कृषि उद्यमीको सम्बन्धित निकायमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी ।
२. कृषक समूह/सहकारी/कम्पनी/कृषि उद्यमीको सुन्तला जोनमा आवद्दता हुने आशय सम्वन्धि बैठक निर्णयको प्रतिलिपी ।
३. सम्वन्धित गाँउ पालिका/ नगरपालिकाको सुन्तला जोनमा आवद्दताको लागि सिफारिश पत्र ।
४. परियोजना कार्यान्वयन इकाइबाट इकाईबाट उपलब्ध गराइएको फर्मेट अनुसारको तथ्याङ्क विवरण ।
५. सामुहिक रुपमा कम्तिमा २५० बोट संख्या र निजी उद्यमी को हकमा कम्तिमा २५ बोट सुन्तलाजात फलफुल लगाएको वा लगाउने प्रतिवद्धता हुनुपर्ने ।

निर्मल पौडेल
कृषि अधिकृत

निर्मल पौडेल
कृषि अधिकृत